मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क २९४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ मंसिर १ गते सोमबार ❑ 17 Nov. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## पोखरामा भारतीय पर्यटक आगमनमा कमी

**पोखरापत्र संवाददाता**
पोखरा, ३० कार्तिक

अगेंजी महिनाको अक्टुवर र नोबेम्बरलाई पर्यटनको सिजनको रुपमा मानिन्छ । बाढी पहिरो त्यो लगतै जेनजी आन्दोलनले प्रभावित हुदै आएको पोखराको पर्यटन क्षेत्र हाल विस्तारै उकालो लाग्न थालेको छ ।

पोखरामा यस सिजनमा भारतीय पर्यटक भने न्यून सङख्यामा आएको व्यावसायीहरुले बताउनु भएको छ । जेनजी आन्दोलन पछि भारतले जारी गरेको 'ट्राभल एड्भाइजरी' र आन्दोलनको असुरक्षा सन्देशले भारतीय पर्यटक आगमनमा भारी गिरावट आएको व्यवसायीहरुको भनाई छ ।

नाट्टा गण्डकीका अध्यक्ष किशोर दाहालले तिहार पछि भारतीय पर्यटक आगमनमा निकै कमी आएको बताउनु भएको छ । भारतबाट साना ठुला दैनिक १ सय देखि १ सय ५० वटा सवारी साधन पोखरा भित्रिने र नेपालको पहाडी हुदै हिमाली भेगमा भारतीय सवारी साधन जान दिनुले यहाँका पर्यटन व्यवसायीलाई ठुलो मर्का परेको उहाँले जनाउनु भयो । भारतबाट ७२ घण्टाको रुट प्रमिट लियर आएका अधिकांश सवारी साधनहरु हप्ता दिनसम्म नेपालका धेरै पर्यटकीय गन्तव्यहरुमा जानु उचित नभएको दाहालले जनाउनु भयो ।

पर्यटनको सिजन सुरु भएसंगै जेन्जी आन्दोलनले प्रभावित भएको पर्यटन क्षेत्र विस्तारै उकालो लाग्न थालेको होटल संघ पोखरा नेपालका अध्यक्ष लक्ष्मण सुवेदीले बताउनु भयो । पोखरामा हाल भारतीय पर्यटक कमी भएको जनाउदै उहाँले हाल पोखरामा करिब १० प्रतिशत जसो भारतीय पर्यटकको होटल अकुपेन्सि रहेको उल्लेख गर्नु भयो । उहाँका अनुसार पोखरामा हाल ५० प्रतिशत होटल अकुपेन्सि रहेको छ भने ३० प्रतिशत विदेशी १० प्रतिशत आन्तरिक पर्यटकहरुको होटल अकुपेन्सि रहेको छ ।

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका बरिष्ठ निर्देशक एवं प्रमुख मणि राज लामिछानेले अघिल्ला बर्षको तुलनामा यस सिजनमा भारतीय पर्यटकहरुको आगमनमा कमी भएको बताउनु भयो । जेनजी आनदोलन पछि भारतले जारी गरेको 'ट्राभल एड्भाइजरी' र आन्दोलनको असुरक्षा सन्देशले भारतीय पर्यटक आगमनमा कमी आएको उहाँको दाबी थियो । हवाई मार्ग र सडक मार्ग दुबैबाट पोखरा आउने भारतीय पर्यटकको सङख्यामा गिरावट आए पनि युरोपियन पर्यटक भने उत्साहजनक सहभागिता रहेको उहाँको भनाई थियो । पोखरा सहित गण्डकीको पर्यटन प्रबर्द्धन गर्न भारतका सम्भावित पर्यटकीय गन्तव्यमा प्रचार प्रसार सहित निम्तो दिन जाने तयारी गरेको समेत उहाँले जनाउनु भयो । चलिय पोखरा अभियानका साथ पोखराका पर्यटन व्यावसायीहरु भारत केन्द्रित विभिन्न शहरमा जाने गृहकार्य गरिएको लामिछानेले जनाउनुभयो ।

सेप्टेम्बर र अक्टुबरमा मात्रै विदेशी पर्यटक आगमनमा गत बर्षको तुलनामा २० प्रतिशतले घटेको छ । गत वर्ष यसै सिजनमाा २ लाखभन्दा बढी भारतीय पर्यटक आएको उहाँको दाबी छ । जेनजी आन्दोलनको क्रममा केही कैदी बन्दी अझै फरार भएकोले गर्दा केही व्यवसायीहरुमा अझै त्रास रहेको बताउदै उहाँले व्यवसायीहरुको मनोवल उच्च पार्ने काम सरकारले गर्नुपर्नेमा जोड दिनुभयो ।

टान गण्डकीका अध्यक्ष कृष्ण प्रसाद आचार्यले पर्यटनको यस सिजनमा थोरै आशा जगाउने गरी पर्यटक आगामन भएको बताउनु भयो । जेनजी आन्दोलन पछि पद मार्गमा जाने पर्यटकहरुको सङख्यामा केही बृद्धि भएको उल्लेख गर्नुभयो ।

## कास्की कारागारबाट १३ विदेशी सहित ११८ कैदी अझै फरार

**पोखरापत्र संवाददाता**
पोखरा, ३० कार्तिक

जेन-जी आन्दोलनका क्रममा गत भदौ २४ गते कास्की कारागारबाट सामूहिक रूपमा भागेकामध्ये १३ विदेशी नागरिक सहित १ सय ९८ जना कैदीबन्दी अझै पनि फरार हुनु भएको छ । कास्की कारागारमा हाल २४ जना महिला सहित ५ सय ६५ जना कैदी बन्दी रहेको कास्की कारागारका प्रशासक राजेन्द्र शर्माले बताउनु भयो ।

कास्की कारागारमा रहेका कुल ७ सय ७३ जना बन्दी त्यतिबेला कारागारको बन्दीगृह तोडिँदा भाग्नु भएको थियो । तीमध्ये धेरैजसो आफैँ फर्किएका वा प्रहरीले पक्राउ गरी फिर्ता ल्याएको भए पनि ठूलो संख्या अझै बेपत्ता छ । फरारमध्ये ११ महिला र १३ विदेशी अझै फरार हुनु हुन्छ ।

भागेकामध्ये १९ जना अन्य जिल्लामा समातिएका हुन भने अन्य जिल्लाबाट भागेका ७ जना कैदी कास्कीमै पक्राउ पर्नु भएको हो । आजीवन कारावासको सजाय पाएका २ कैदीमध्ये १ जनालाई म्याग्दीबाट पक्राउ गरिएको छ भने एक जना अझै फरार हुनुहुन्छ ।

कारागारले गत असोज १२ गते सूचना जारी गर्दै असोज २० गतेसम्म स्वेच्छाले फर्किने मौका दिएको थियो । तर तोकिएको समयसम्म नफर्केका, सम्पर्कमा नआएका कैदीहरूलाई प्रहरीले सघन रूपमा खोजतलासी गरिरहेको छ। कारागार प्रशासनले फरार कैदीलाई लुकाउने, छिपाउने वा आश्रय दिने व्यक्ति पनि कानुनअनुसार दोषी ठहरिने चेतावनी दिएको छ । कास्की कारागारका अनुसार फरारमध्ये कर्तव्यज्यान, चोरी, लागुऔषध कारोबार र सहकारी ठगी जस्ता मुद्दामा सजाय काटिरहेका कैदी बन्दीहरु रहनु भएको छ। प्रहरीले फरार कैदी खोजी अभियानलाई अझ तीव्र पारेको र नजिकका जिल्लाहरूसँग समन्वय गरी सञ्चालन गरिरहेको जानकारी दिएको छ।

## प्रतिनिधिसभा निर्वाचन कार्यक्रम सार्वजनिक

**रासस**
काठमाडौं, ३० कार्तिक

निर्वाचन आयोग नेपालले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ को निर्वाचन कार्यक्रम सार्वजनिक गरेको छ ।

आयोगको आजको बैठकको निर्णयअनुसार फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन कार्यक्रम आयोगको वेवसाइट धधध।भभिअतष्यल।नयख।लउ मा र नेपाल राजपत्रमा प्रकाशन गर्ने गरी सार्वजनिक गरिएको हो ।

पहिलो निर्वाचित हुने प्रणालीतर्फको निर्वाचन कार्यक्रमअनुसार विसं २०८२ माघ ६ गते बिहान १०:०० बजेदेखि बेलुका ५:०० बजेसम्म निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारको मनोनयन पत्र दर्ता हुनेछ भने सोही दिन बेलुका ५:०० बजेदेखि ७:०० बजेसम्ममा उम्मेदवारको सूची प्रकाशन हुनेछ ।

मनोनयन पत्र दर्ता भएका उम्मेदवारको विरोधमा उजुरी दिने अवधि माघ ७ गते बिहान १०:०० बजेदेखि दिउँसो ३:०० बजेसम्म हुनेछ भने सोही दिनको दिउँसो ३:०० बजेदेखि माघ ८ गते बेलुका ५:००

बाँकी अन्तिम पृष्ठमा ▶▶

## अभौतिक सांस्कृतिक सम्पदाको सूचीकरणमा गण्डकी प्रदेश अगाडि बढ्छ : मन्त्री थापा

**पोखरापत्र संवाददाता**
पोखरा, ३० कार्तिक



गण्डकी प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दु कुमार थापाले अभौतिक सांस्कृतिक सम्पदाको सूचीकरणमा गण्डकी प्रदेश अगाडि बढ्ने बताएका छन् ।

नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय काठमाडौं र आदिवासी जनजाति आयोगको सहकार्यमा मन्त्रालयद्वारा आयोजित "अभौतिक सांस्कृतिक सम्पदा सूचीकरण तथा व्यवस्थापनमा प्रदेश सरकारको भूमिका" विषयक अन्तरक्रिया कार्यक्रम उनले यस्तो बताएका हुन् । मन्त्री थापाले प्रदेश सरकारले अध्ययनसहित कानून निर्माण गरी अभौतिक सांस्कृतिक सम्पदाको सूचिकरण र व्यवस्थापनमा अघि बढ्ने प्रतिबद्धता जनाए । उनले भने – "गण्डकी प्रदेश सरकारले संस्कृतिको संरक्षणका लागि गण्डकी प्रज्ञा प्रतिष्ठानमार्फत विविध कार्यक्रम सञ्चालन गर्दै आएको छ । पर्यटन राजधानी पोखराका समुदायहरूले संस्कृतिको प्रवर्द्धनमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन् र प्रदेश सरकारले त्यसमा निरन्तर साथ दिनेछ ।" कार्यक्रममा बोल्दै नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय काठमाडौंका सहसचिव डा. सुरेश श्रेष्ठले २०६७ सालमै नेपालले राष्ट्रिय संस्कृति संरक्षण नीति ल्याएर त्यसैअनुरूप काम गर्दै आएको बताए । उनले भने–"संस्कृति र प्रकृतिमा नेपाल धनी छ । तर समुदाय-समुदायबीच सांस्कृतिक पक्षबारे पर्याप्त जानकारी नहुँदा अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन । अभौतिक सांस्कृतिक सम्पदाको सूचीकरण गर्न प्रदेशले कानून नै बनाएर अगाडि बढ्नुपर्छ ।" उनले पुस्तान्तरणलाई नै अभौतिक संस्कृतिको संरक्षणको मूल आधारका रूपमा व्याख्या गरे । कार्यक्रममा सहभागीहरूबीच अभौतिक सांस्कृतिक सम्पदाको पहिचान, संरक्षण, डिजिटल अभिलेखीकरण तथा समुदाय सहभागीता विषयमा खुला छलफल भएको थियो । यस क्रममा टेक बहादुर पुन मगर, करुणा राई तथा कवि रमेश श्रेष्ठले पनि आफ्ना जिज्ञासा तथा टिप्पणीहरू राखे । कवि रमेश श्रेष्ठले भने – "सूचीकरणका काममा साहित्य, गीत-संगीत, बोलीचालीजस्ता मौलिक विरासत नछुटोस् । समुदायको जीवनशैलीमै रहेको संस्कृतिलाई कागजी रूपमा सीमित गर्नु पर्याप्त हुँदैन, व्यवहारमै जोगाउन राज्यको सक्रियता चाहिन्छ ।" कार्यक्रम सम्पन्नसँगै प्रदेशले अभौतिक सांस्कृतिक सम्पदाको सूचिकरणलाई संस्थागत रूपमा अगाडि बढाउनुपर्ने धारणा सहभागीहरूबाट एकमुखी रूपमा व्यक्त गरिएको थियो ।

## आदिवासी जनजाति आयोगको प्रतिवेदन गण्डकी प्रदेश प्रमुख समक्ष पेस

**पोखरापत्र संवाददाता**
पोखरा, ३० कात्तिक



आदिवासी जनजाति आयोगले गण्डकी प्रदेश प्रमुख डिल्लीराज भट्ट समक्ष छैटौं वार्षिक प्रतिवेदन प्रस्तुत गरेको छ ।

प्रदेश प्रमुख समक्ष आयोगका सदस्य रीना राना र सूर्य बहादुर गुरूङले आइतबार नेपालको संविधान धारा २९४ (३) बमोजिम आयोगको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन पेस गर्नुभएको हो ।

प्रतिवेदन बुझ्दै प्रदेश प्रमुख भट्टले नेपालको संविधानले आदिवासी जनजाति समुदायको भाषा, संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्ने सवालमा आयोगलाई महत्वपूर्ण जिम्मेवारी प्रदान गरेको बताउनुभयो । उहाँले आफूलाई प्राप्त जिम्मेवारी प्रभावकारी ढंगले सम्पादन गर्ने सन्दर्भमा आयोगलाई थप सफलताको शुभकामना व्यक्त गर्नुभयो । प्रदेश प्रमुख भट्टले आदिवासी जनजातिका हक अधिकार संरक्षण तथा सशक्तिकरण गर्न आवश्यक योजनाका साथ अगाडि बढ्न आयोगलाई सुझाव पनि दिनुभयो । पेश भएको प्रतिवेदन मुख्यमन्त्री मार्फत् गण्डकी प्रदेश सभामा पठाइने बताउँदै भट्टले सदनमा सघन छलफल भई प्राप्त हुने निष्कर्षले भविष्यमा आयोगका काम कारवाहीहरु अझै सबल र सशक्त बनाउन योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो । आदिवासी जनजाति आयोगकी सदस्य रानाले प्रतिवेदनको सारसंक्षेप प्रस्तुत गर्दै प्रतिवेदन उपर प्रदेशसभामा आवश्यक छलफल नभएकाले ध्यानाकर्षण गराइदिन प्रदेश प्रमुखसमक्ष अनुरोध गर्नुभयो । रानाले मुलुकभरका आदिवासी जनजाति समुदायको इतिहास र संस्कृतिको पहिचान गर्दै उनीहरूको हकहित र अधिकारको संरक्षण, संवर्द्धन गर्न आयोग लागिपरेको बताउनुभयो । उहाँले आयोगको गण्डकी प्रदेश कार्यालय स्थापनमा प्रदेश सरकारको सहयोगको अपेक्षा पनि गर्नुभयो ।

आयोगको प्रतिवेदनमा गत आर्थिक वर्षमा आयोगले आदिवासी जनजाति समुदायको विकास, पहिचान र हक अधिकारको संरक्षण तथा प्रथा परम्परालगायतका क्षेत्रमा गरिएका कामहरू समावेश छन् ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

का.जि.द.नं. ५६/०५६ ह.नि.पो.द.नं. ०१/०७९/०८०


# एक्यान कास्कीको शपथ तथा सामाजिक सुरक्षा कोष अन्तरक्रिया

पोखरापत्र संवाददाता
पोखरा, ३० कार्तिक

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संघ (एक्यान) कास्की शाखाको नवनिर्वाचित कार्यसमितिको शपथ कार्यक्रम सम्पन्न भएको छ।

यसैगरी एक्यानले सामाजिक सुरक्षा कोषसँगको सहकार्यमा सामाजिक सुरक्षा कार्यक्रमका बारेमाआफ्नासदस्यहरुकाबीचमा छलफल तथा अन्तरक्रिया गरेको छ । पोखरामा आइतबार आयोजित एक कार्यक्रमकाबीच एक्यानका केन्द्रीय अध्यक्ष अनुप नेपाल, उपाध्यक्ष अनिल लामिछाने र महासचिव प्रदीप अर्यालले कास्की शाखाको नवगठित कार्यसमितिलाई शपथ गराउनुभयो । एक्यान कास्कीको हालै सम्पन्न अधिवेशनले अध्यक्षमा दीपक भुर्तेलको अध्यक्षतामा नौ सदस्सीय समिति सर्वसम्मत गरेको थियो । यसैगरी उपाध्यक्षमा सागर आचार्य, सचिव प्रकाश पौडेल र कोषाध्यक्ष सरोज पराजुली रहनुभएको छ । यसैगरी सदस्यहरुमा आशिस विक्रम शाही, दीपक पाण्डे, सिमा रिजाल, श्रीकृष्ण



रेग्मी र सुरज बस्नेत रहनुभएको छ। नवनिर्वाचित अध्यक्ष भुर्तेलले लेखापरीक्षण व्यवसायलाई राम्रो बनाउनका लागि यस क्षेत्रमा काम गर्ने सबै मिल्नुपर्ने र आफूले त्यसका लागि पहल गर्ने प्रतिवद्धता जनाउनुभयो । उहाँले भन्नुभयो,"लेखा व्यवसायमा काम गर्ने सबै मिलेर मात्र लेखा क्षेत्र अब्बल बनाउन सकिन्छ । त्यसका लागि मेरो टिमले काम गर्नेछ।" एक्यानका केन्द्रीय अध्यक्ष अनुप नेपालले केन्द्रमा मात्र नभई प्रदेश र जिल्ला जिल्लामा एक्यानका गतिविधिलाई सक्रिय बनाउने बताउनुभयो । "संस्थाको हितमा लाग्ने छौं । अझ राम्रो र दरिलो संस्था बनाउने योजना छ ।" नेपालले भन्नुभयो । सामाजिक सुरक्षा कोषका कार्यकारी निर्देशक कविराज अधिकारीले सामाजिक सुरक्षा कोषमा आवद्ध हुनका लागि सबै रोजगारदाताहरुलाई प्रोत्साहित गर्न एक्यानका सदस्यहरुको समेत भूमिका हुने बताउनुभयो । उहाँले सामाजिक सुरक्षा कोषको फाइदाका बारेमा रोजगारदाता र श्रमिकलाई बुझाउनुपर्नेमा जोड दिनुभयो । अधिकारीलेभन्नुभयो,"सामाजिक सुरक्षा कोष योजना सुरुआतसँगै स्वास्थ्य उपचार सेवा सस्ता भएको छ। उद्योग प्रतिष्ठानहरुमा बन्द, हड्ताल रोकिएका छन् । यसबाट श्रमिकलाई मात्र होइन, रोजगारदाताहरु समेत लाभान्वित भएका छन्।" पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीले सामाजिक सुरक्षा कोष कार्यक्रम राम्रो रहेपनि व्यावसायिक प्रतिष्ठान र उद्योगहरुमा पूर्ण कार्यान्वयनमा आउन नसकेको बताउनुभयो । सामाजिक सुरक्षा कोषका सह निर्देशक महेश घिमिरेले आगामी दिनमा कोषमा आवद्धतभएपछि मात्र व्यक्तिगत तथा साझेदारी फर्मले करचुक्ता निकाल्ने सक्ने गरी प्रभावकारी बनाउन लागिएको जानकारी दिनुभयो । कार्यक्रममा एक्यान गण्डकीका पूर्वप्रदेश प्रमुख सागर लामिछाने, अडान गण्डकीका अध्यक्ष ज्ञानबहादुर कार्की, कास्कीका अध्यक्ष गुणनिधि पाण्डे लगायतले सामाजिक सुरक्षा कोषलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिनुभएको थियो । नेपालमा लेखा व्यवसायको विकास, संरक्षण तथा मर्यादित बनाई, पेशागत हकहित संरक्षण गर्न स्थापना भएको नेपालका चार्टर्ड एकाउन्टेन्ट्हरुको पेशागत संघ एक्यानमा सीएहरु सदस्य रहने प्रावधान छ।

एक्यानको हालै केन्द्रदेखी जिल्लासम्म नयाँ नेतृत्व चयन गरिएको छ । पोखराका अनिल लामिछाने केन्द्रीय उपाध्यक्षमा निर्वाचित हुनुभएको थियो । उहाँ काठमाडौंबाहिरबाट पहिलोपटक एक्यान केन्द्रीय पदाधिकारीमा निर्वाचित हुनुभएको हो ।

# सेवाको संस्कार बोकेर शिक्षाको मन्दिरमा सापकोटा

पोखरापत्र संवाददाता
पोखरा, ३० कार्तिक

बीस वर्षको लामो बैंकिङ यात्रामा जय सापकोटाले अनगिन्ती सपनासँग चिनजान गरे, कसैको घर बने, कसैको व्यवसाय उठ्यो, कसैको भविष्यको दिशा बदलियो ।

माछापुच्छ्रे बैंक लिमिटेड, गण्डकी प्रदेशमा बीस बर्ष अनुभव सँगालेका सापकोटसँग सिनियर म्यानेजर पदमा रहँदासम्म आश्वासन दिने साथी, समस्या सुन्ने मान्छे र विश्वास जगाउने हात पनि थिए । हजारौं कामका चटारोबीच पनि उनले गुमाएनन् ग्राहकप्रतिको माया, सेवाप्रतिको समर्पण र इमान्दारिताको पहिचान । शायद यही बहुगुणले आज उनलाई एक नयाँ भूमिकासम्म पुर्‍याएको छ । जहाँ आर्थिक विकासका मुद्दाहरू मात्र होइन, सयौं विद्यार्थीका मुस्कान, भविष्यका योजना र समुदायको आशा सँगै उभिएको छन् सापकोटा । क्याम्पसको अध्यक्ष बनेसँगै सापकोटाले बैंकमा सिकेको व्यवस्थापन क्षमता, नेतृत्व र निष्कर्ष निकाल्ने सीप अब शिक्षाको आँगनमा उतार्ने भएका छन् । बीस वर्षमा हजारौं ग्राहकको भविष्य सुरक्षित गर्न तत्पर रहेजस्तै अब सयौं विद्यार्थीको सपना सुरक्षित गर्ने जिम्मेवारी उनका काँधमा आएको छ । पोखरा-१३ स्थित भद्रकाली क्याम्पसको सञ्चालक समितिको अध्यक्षमा शनिबार सम्पन्न १६औं वार्षिक साधारण सभा तथा पाँचौ अधिवेशनले सापकोटालाई सर्वसम्मत रूपमा चयन गरेपछि क्याम्पसमा उत्साह, ऊर्जा र आशाको वातावरण छाएको छ। विसं २०३९ मा फलामे ढोका पार गर्दै विज्ञान विषयको विद्यार्थी बनेका सापकोटाले २०५२ मा स्नातकोत्तर उत्तीर्ण गरे । त्यसपछि बैंकका घुम्तीहरूबाट संकलिएको उनको परिपक्वता अब क्याम्पसका हरेक नीतिमा, योजनामा र निर्णयमा झल्कने छ। नेपाल कमर्स क्याम्पस मिनभवनमा विविएसमा तथ्याङ्कशास्त्र अध्यापनमा अब्बल सापकोटा अब कक्षाकोठादेखि लिएर लाइब्रेरी, व्यवस्थापनदेखि अभिभावकसम्म सबैभन्दा नजिक हुने छन् । पोखरा




महानगरपालिकाको शहरी विकास योजनामा डेढ वर्ष सक्रिय रहेर शहरलाई नजिकबाट अध्ययन गरिसकेका सापकोटा अब विद्यार्थी, शिक्षक र समुदायबीच 'चुम्बक' जस्तै जोडिनेछन् । समुदायले उनीभित्र देखेको भविष्य पढ्ने आँखाको सम्मान गर्दै उनले शिक्षा क्षेत्रमै विश्वासको फूल फुलाउन क्याम्पस प्रवेश गरेका हुन् । जीवनले कहिलेकाहीँ आश्चर्यजनक मोडहरू दिन्छ । संख्यासँग खेल्ने, तथ्यमा अडिने र अनुशासनलाई पहिचान बनाएका सापकोटा अब शिक्षाको भविष्य डोर्याउने भूमिकामा उभिएका छन् । यो केवल पदको परिवर्तन मात्र होइन, जिम्मेवारीको दायरा विस्तार भएको ऐतिहासिक क्षण पनि हो । अध्यक्षमा चयन भएपछि सापकोटाले क्याम्पसलाई आधुनिक, अनुशासित र गुणस्तरीय शिक्षाको केन्द्र बनाउने दृढता व्यक्त गर्दै भने,"क्याम्पस समुदायले देखाएको विश्वासलाई म सम्मानका साथ कर्ममा रूपान्तरण गर्नेछु ।" पूर्वाधार विस्तार, विद्यार्थी मैत्री वातावरण निर्माण, पारदर्शी शैक्षिक शासन र दीर्घकालीन विकास योजनामा विशेष ध्यान दिने उनले बताए । विगतमा बैंकमार्फत हजारौं परिवारका सपनामा आश्रय दिएको जस्तै कहिले ऋण व्यवस्थापन, कहिले परामर्श उही व्यवहार कुशलता अब क्याम्पस समृद्धिको आधार बन्ने छ। शिक्षा क्षेत्रका कमजोरीहरु केलाएर समाधानका मार्गहरु पहिलाउन अग्रसर भएका छन् सापकोटा । उनको बोलीमा नम्रता, योजनामा दूरदृष्टि । समुदायले दिएको विश्वासलाई उज्यालो भविष्यमा परिणत गर्ने उनको संकल्प हरेक दिन अझै दृढ हुँदै जाने छ। त्यसैगरी अधिवेशनवाट समितिको सदस्यहरुमा क्रमश विष्णु कार्की, बलराम बराल, शोभाकान्त सिग्देल, शारदा पराजुली, युवराज त्रिपाठी र हिमबहादुर गुरुङ रहेका छन् । गण्डकी विश्वविद्यालयका कुलपति प्रा.डा. इन्द्रप्रसाद तिवारीले अधिवेशनको उद्घाटन गर्दै क्याम्पसमा गुणात्मक शिक्षाको लागि आँफु र विश्वविद्यालयको तर्फवाट सहयोग गर्न सदैव तयार रहेको भने ।

शिक्षाले व्यक्तिलाई आत्मनिर्भर र आत्मविश्वासी बनाउने कुलपति तिवारीले धारणा राखे । भद्रकाली बहुमुखी क्याम्पस संचालक समितिका अध्यक्ष माधवप्रसाद सिग्देलको अध्यक्षतामा भएको कार्यक्रममा भद्रकाली क्याम्पस संचालक समितिका संस्थापक अध्यक्ष विश्वप्रकास सिग्देल, निवर्तमान अध्यक्ष बजिरमान श्रेष्ठ, भद्रकाली क्याम्पसका संस्थापक क्याम्पस प्रमुख किशोरदत्त वराल, भद्रकाली बहुमुखी क्याम्पसका प्रमुख नवराज रेग्मी, क्याम्पसका सल्लाहकार द्धय रामगोपाल ढेवाजू, बाबुराम पन्त, भद्रकाली मावि व्यवस्थापन समितिका अध्यक्ष दिपक गुरुङ(माइला), भद्रकाली माविका प्रधानाध्यापक यदुराज पगेनी, भद्रकाली बहुमुखी क्याम्पस प्राध्यापक इकाई संघका सभापति बुद्धिराज सापकोटा, युवा व्यवसायी आदर्शमान श्रेष्ठ, आमा समुहको तर्फवाट सत्यदेवी आमा समुहका अध्यक्ष जमुनादेवी श्रेष्ठ लगायत वोलेको कार्यक्रममा क्याम्पस संचालक समितिका सदस्य जयप्रसाद सापकोटा स्वागत र क्याम्पसका सहायका प्रमुख नारायणप्रसाद सापकोटाले साहित्यमय भाकामा कार्यक्रम संचालन गरेका थिए ।

# प्रहरीद्वारा लुटपाटमा संलग्नको नाम, ठेगाना, सम्पर्क उपलब्ध गराउन आग्रह

पोखरापत्र संवाददाता
पोखरा, ३० कार्तिक

गत भदौ २३ र २४ गते भएको जेनजी प्रदर्शनका क्रममा तोडफोड, आगजानी र लुटपाटजस्ता आपराधिक गतिविधिमा संलग्न व्यक्तिको पहिचानमा कास्की जिल्ला प्रहरी कार्यालयले सक्रियता देखाएको छ।

प्रहरीले सरकारी कार्यालयसहित व्यावसायिक प्रतिष्ठान र निजी सम्पत्तिमा भएको तोडफोड, आगजनी र लुटपाटको भिडियो सार्वजनिक गर्दै त्यस्ता कार्यमा संलग्न देखिएका व्यक्तिलाई पहिचान गर्न सकेमा नाम, ठेगाना, सम्पर्क नम्बर आदि उपलब्ध गराउन आग्रह गरेको छ । आपराधिक गतिविधिमा संलग्न व्यक्तिका बारेमा सूचना दिने व्यक्ति-संस्थाको गोपनियता कायम राखिने कार्यालयका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक हरिबहादुर बस्नेतले बताउनुभयो ।

आन्दोलनका नाममा आपराधिक कार्य गर्ने व्यक्तिको पहिचान गर्न सहज होस् भनेर सामाजिक सञ्जालमार्फत भिडियो सार्वजनिक गरी यस कार्यमा सघाउन सबैमा आग्रह गरिएको उहाँको भनाइ छ।

जेनजी प्रदर्शनका क्रममा भएका आपराधिक घटनामा संलग्न केही व्यक्ति पक्राउसमेत परिसकेको र उनीहरूमाथि थप अनुसन्धान अगाडि बढाइएको सूचना अधिकारी बस्नेतले बताउनुभयो । "आन्दोलनमा भएका लुटपाट, तोडफोड, आगजनीजस्ता घटनामा संलग्न व्यक्तिलाई खोजी गरी नियन्त्रणमा लिइरहेका छौं", उहाँले भन्नुभयो, "किटानी जोहरी र उजुरीका आधारमा अहिलेसम्म ३८ जना पक्राउ परिसकेका छन्, उनीहरूमाथि आपराधिक उपद्रव मुद्दामा अनुसन्धान भइरहेको छ।" प्रदर्शनकारीले लुटेका केही हतियारसमेतबरामदगरिएकोप्रहरीले जनाएको छ। जेनजी प्रदर्शनका क्रममा गण्डकी प्रदेशको राजधानी पोखरामा रहेका अधिकांश सरकारी कार्यालयमा आगजनी र तोडफोड गरिएको थियो। आन्दोलनमा कास्कीसहित गण्डकी प्रदेशभित्र सरकारी र निजी क्षेत्रतर्फ गरी झण्डै रु पाँच अर्बबराबरको क्षति पुगेको जनाइएको छ । कास्की, तनहुँ, नवलपुर, पर्वत, बागलुङ, म्याग्दी, स्याङ्जा गरी सात जिल्लाका एक सय ३८ वटा सरकारी कार्यालय र ६१ वटा निजी संरचनामा क्षति पुगेको जनाइएको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार प्रदेशभित्र तीन सय ६१ वटा दुईपाङ्ग्रे सवारीसाधनमा आगजनी भएको, सातवटा तोडफोड गरिएको र तीनवटा हराएका छन् । एक सय ६१ वटा चारपाङ्ग्रे सवार ीसाधनमा आगजनी भएको र ३१ वटा तोडफोड भएका छन् । प्रदर्शनका क्रममा प्रदेशभित्र तीन जनाले ज्यान गुमाएका थिए भने सुरक्षाकर्मी र आन्दोलनरत पक्षतर्फ गरी ७० जनाभन्दा बढी घाइते भएका थिए।

# प्रतिनिधिसभा ...

बजेसम्ममा मनोनयन पत्र र उजुरीउपर जाँचबुझ एवं निर्णय गरी माघ ८ गते बेलुका ५:०० बजेदेखि ७:०० बजेसम्ममा उम्मेदवारको नामावली प्रकाशन गरिनेछ।

माघ ९ गते बिहान १० :०० बजेदेखि दिउँसो १:०० बजेसम्म उम्मेदवारको नाम फिर्ता लिन सकिनेछ भने सोही दिन दिउँसो १:०० बजेदेखि ३:०० बजेसम्ममा उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरी दिउँसो ४:०० बजेदेखि साँझ ७:०० बजेसम्ममा उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिने छ । यसैगरी समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन कार्यक्रम विसं २०८२/०८/२० गतेदेखि सञ्चालन हुनेछ। सो कार्यक्रमअनुसार मङ्सिर २१ गते बिहान १०:०० बजेदेखि २३ गते दिउँसो ४:०० बजेसम्म समानुपातिक निर्वाचनमा भाग लिन चाहने राजनीतिक दलहरूले निवेदन पेस गर्ने, मङ्सिर २४ गते बिहान १०:०० बजेदेखि दिउँसो ४:०० बजेसम्म निवेदन पेस गरेका राजनीतिक दलहरूको नामावली प्रकाशन गर्ने, पुस १३ र १४ गते बिहान १० :०० बजेदेखि ४०० बजेसम्म राजनीतिक दलहरूले उम्मेदवारको बन्द सूची पेस गर्ने र माघ २० गते बिहान १० :०० बजेदेखि बेलुकी ५:०० बजेसम्म उम्मेदवारको बन्द सूची अन्तिम रूपमा प्रकाशन गर्ने कार्यक्रम रहेको छ।

स्वीकृत निर्वाचन कार्यक्रमअनुसार फागुन २१ गते बिहान ७:०० बजेदेखि बेलुका ५:०० बजेसम्म सम्बन्धित मतदान केन्द्रमा मतदान हुनेछ।

# पोखरा उवा संघको व्यापार मेलामा जोडियो नेपाल मणिपाल अस्पताल

पोखरापत्र संवाददाता
पोखरा, ३० कार्तिक

पोखरा उद्योग वाणिज्य संघले वर्षेनी आयोजना गर्दै आइरहेको राष्ट्रिय औद्योगिक व्यापार मेलाको ३४ औं संस्करण तथा १३ औं क्यान इन्फोटेक २०८२ सँग नेपाल मणिपाल अस्पताल जोडिएको छ।

३४ औं संस्करणको 'राष्ट्रिय औद्योगिक व्यापार मेला तथा १३ औं क्यान इन्फोटेक २०८२' यही मंसिर १७ देखि २१ गतेसम्म पोखरा ९,नयाँबजारस्थित प्रदर्शनी केन्द्रमा आयोजना हुँदैछ।

पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्की तथा नेपाल मणिपाल शिक्षण अस्पताल पोखराका प्रमुख कार्यकारी निर्देशक अनिल ओडुभिलले मेलामा सहकार्यका निम्ति हस्ताक्षर गरेसँगै अब मेलाको ना नेपाल मणिपाल अस्पताल ३४ औं राष्ट्रिय औद्योगिक व्यापार मेला तथा १३ औं क्यान इन्फोटेक पोखरा २०८२' हुने भएको छ। २०४० सालतिर नै पोखरा उद्योग वाणिज्य संघले



पोखरालाई शिक्षा, स्वास्थ्य, पर्यटनको सहरको रुपमा विकास गर्ने अवधारणाको अगाडि बढाएको थियो। त्यही उपक्रममा शैक्षिक संस्था स्थापना, पर्यटनसँग आवद्ध संघ/संस्थालाई गोलबछ गर्न पोखरा पर्यटन परिषद्को गठन, पर्यटन उद्योगलाई चाहिने जनशक्ति उत्पादनका लागि तालिम र गोष्ठीको आयोजना एवं पोखरामा सरकारी र निजी क्षेत्रबाट स्वास्थ्य संस्थाहरुको स्थापनाको पहलकदमी थालिएको संघका पूर्वअध्यक्ष अशोक पालिखेको भनाइ छ। उनका अनुसार संघको जर्मन साझेदार एचडब्लुके माइञ्जले समेत यो अभियानलाई सघाएको थियो । 'कतिसम्म भने हामीले पोखरामा कति पर्यटक कहाँबाट कसरी आइपुगे र उनीहरुले के चाहन्छन् भन्ने अध्ययन गरेका थियौं,'संघका पूर्वअध्यक्ष पालिखेले भनेका छन्,बाराही घाटदेखि उत्तरतिरको क्षेत्रमा पैदलमार्ग बनाउनुपर्छ र त्यसका निम्ति जग्गा अधिग्रहण गर्ने योजना पनि हामीले बनाएको हो। त्यो बेला करिब ५ करोडले जग्गा अधिग्रहण गर्न सकिन्थ्यो तर सरकारी निकायबाट साथ पाइएन।' संघका अर्का पूर्वअध्यक्ष आनन्दराज मुल्मीका अनुसार पृथ्वीनारायण कलेजदेखि पोखरा विश्वविद्यालय, पोखरा बहुमुखी क्याम्पसलगायतका पोखराका सबैजसो शैक्षिक संस्था पोखरा उद्योग वाणिज्य संघकै पहलमा स्थापना भएका हुन् ।

# प्रहरी कार्यालयबाट हतियार लुटपाट गर्ने पक्राउ

पोखरापत्र संवाददाता
पोखरा, ३० कार्तिक

गत भदौ २४ गते जेनजी आन्दोलनका क्रममा प्रहरी कार्यालयहरूमा तोडफोड, आगजनी तथा हातहतियार लुटपाट गर्ने व्यक्तिको खोजी गर्ने क्रममा कास्की प्रहरीले थप दुई जनालाई लुटिएका हतियारसहित पक्राउ गरेको छ।

प्रहरीले खोजतलास तथा अनुसन्धानका क्रममा पोखरा महानगरपालिका-५ जिरो किमी बस्ने ३१ वर्षीय श्यामबहादुर तमाङ र पोखरा-२ बस्ने २२ वर्षीय सागर राउतलाई पक्राउ गरेको प्रहरी नायव उपरीक्षक हरिबहादुर बस्नेतले जानकारी दिनुभयो । उहाँका अनुसार निजहरूका साथबाट एक राउन्ड गोली, बोल्ट र ट्रिगरको भाग जोडिएको एक थान, काठको बटको भाग एक थान र मोबाइल दुई थान बरामद गरिएको छ।

दुवै जनालाई पक्राउ गरी कास्की जिल्ला अदालतबाट हातहतियार तथा खरखजानासम्बन्धी कसुरमा पाँच दिन म्याद थप गरी अनुसन्धान प्रक्रिया अगाडि बढाइएको प्रहरी नायव उपरीक्षक बस्नेतले बताउनुभयो।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सूक्तिसुधा**

आम्दानी भन्दा खर्च बढी गरे कुबेर पनि गरीब हुन्छ ।
–चाणक्य

## सम्पादकीय

# केपी ओलीलाई संझने क्षण

अन्तर्राष्ट्रिय स्तरको क्रिकेट खेल हेर्ने नेपालीको धोको पूरा हुने भएको छ । नेपालीको खेलप्रति चासो बढेको छ । पछिल्लो समय क्रिकेटप्रति नेपाली दर्शकको रोजाइ हुने गरेको छ । अहिले क्रिकेट रंगशालाको चर्चा राम्रोसँग भएको छ । नेपाल प्रिमियर लिग (एनपिएल) सुरू हुने अघिल्लो दिन कीर्तिपुरस्थित त्रिवि क्रिकेट अन्तर्राष्ट्रिय क्रिकेट रंगशालामा सरकारले राष्ट्रिय खेलकुद परिषदमार्फत नेपाल क्रिकेट संघ (क्यान) लाई हस्तान्तरण गरेको छ । सहरी विकास मन्त्रालयले निर्माण गरेको पहिलो चरणको रंगशाला आइतबार साँझ कीर्तिपुर मैदानमा आयोजन कार्यक्रममा हस्तान्तरण गरिएको छ। सहरी विकास मन्त्री कुलमान घिसिङले राष्ट्रिय खेलकुद परिषदका सदस्यसचिव टंकलाल घिसिङ र क्यान अध्यक्ष चतुरबहादुर चन्दलाई हस्तन्तरण गरिएको प्रमाणपत्र दिएका थिए ।

गत वर्ष एनपिएलमा दर्शकको क्रेज देखेर तत्कालीन सरकारले रंगशालामा प्यारापिट निर्माण गर्ने र फ्लडलाइटमा जडान गरेर राति खेल खेलाउने उद्देश्य स्वरूप त्रिवि मैदानको स्तरोन्नति गर्ने काम अघि बढाएको थियो । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले समय सिमा तोकेर शुरु भएको योजनाले मुर्तरुप लिएको छ । क्यानका अध्यक्ष चतुर बहादुर चन्दले ओलीको कदमको प्रशंसा गरे । कुलमान घिसिङका अगाडि केपीलाई धन्यवाद दिनु दुरदृष्टी राख्ने नेतालाई संझन्छन भन्ने उदाहरण हो ।

गत वर्षको फागुनको तेस्रो सातादेखि काम सुरू गरिएको रंगशालामा अहिले दश हजार सिट क्षमताको नयाँ प्यारापिट निर्माण सकिएको छ। ४३ करोड ७७ लाख रुपैयाँमा ठेक्का भएको प्यारापिटको पहिलो चरणको काम सकिएको छ । सरकारले यसमा गुरुयोजना गरेर ३० हजार दर्शक अट्ने रंगशाला बनाउने योजना अघि सारेको छ । प्यारापिट मैदानको पूर्वी र पश्चिम गरी दुई खण्डमा छ। पूर्वी खण्डमा २ हजार २ सय ९० कुर्सी र पश्चिम खण्डमा ७ हजार ७ सय १० कुर्सी जडान गरिएको छ। भिआइपीतर्फ थप ३ हजार दर्शक अट्ने गरी अस्थायी प्यारापिट बनाइएको छ। जसका कारण यसपटक १३ हजार दर्शकले एकै पटक बसेर खेल हेर्न सक्नेछन् ।

एनपिएलअघि प्यारापिटको काम पनि सकिएको छ । फ्लडलाइटको पनि सहरी विकास मन्त्री कुलमान घिसिङले स्वीच दबाएर उदघाटन गरेका थिए। मंसिर १ देखि सुरू हुने एनपिएल २७ दिनसम्म चल्नेछ भने आठ फ्रेन्चाइज टोलीले प्रतिस्पर्धा गर्नेछन्। ३२ खेलमध्ये फ्लडलाइटमा २३ खेल हुने तय छ । रंगशालामा ४२ करोड १९ लाख ९१ हजार रुपैयाँ लगातमा ६ वटा फ्लडलाइट जडान भएका छन् ।

क्रिकेटको क्रेजलाई मध्यनजर राखेर तत्कालीन केपी ओली नेतृत्वको सरकारले पहिलो पटक प्यारापिट र फ्लडलाइट सहितको रंगशाला बनाउने निर्णय गरेको थियो । सहरी विकास मन्त्रालयअन्तर्गत काम सुरु गर्दा प्यारापिट र फ्लडलाइट जडानको काम वैशाखसम्म सक्ने सम्झौता भए पनि विभिन्न प्राविधिक समस्याले धकेलिएको थियो । आज सत्ताबाट हटाइए पनि प्रतियोगिता अबधिभर संझने अबस्था आउनेछ । कसैले नियोजित रुपमा भ्रम फैलाएपनि कामले पछ्याउन बाध्य हुन्छन भन्ने कीर्तिपुर अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला उदाहरण हो ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : स्वास्थ्यमा सुधार |
| वृष | : मानसिक तनाव | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : व्यापारमा लाभ | धनु | : कार्यमा सफलता |
| कर्कट | : शत्रुको भय | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : झमेला बढ्ने | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : शुभ यात्रा | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# महायज्ञमार्फत आश्रम बनाउन नौ करोड ६९ लाख सङ्कलन

**पोखरापत्र संवाददाता**
बागलुङ, ३० कार्तिक

मानव सेवा आश्रम बागलुङ शाखाको भवन निर्माणका लागि आयोजना गरिएको श्रीमद् भागवत ज्ञान विज्ञान महायज्ञ समापन गरिएको छ ।

महायज्ञमा रु नौ करोड ६९ लाख सङ्कलन भएको छ । कात्तिक २१ गतेबाट बागलुङ नगरपालिका–४ स्थित आश्रम निर्माणका लागि आयोजित महायज्ञ शनिबार समापन गरिएको छ । महायज्ञमा शुक्रबार मात्र रु एक करोड ३४ लाख सङ्कलन भएको थियो । बिहीबार सबैभन्दा बढी रकम रु एक करोड ६२ लाख सङ्कलन भएको महायज्ञ आयोजक समितिका कोषाध्यक्ष सरिता गौतमले जानकारी दिनुभयो । महायज्ञमा रु १० करोड सङ्कलन गर्ने लक्ष्य राखिएकामा लक्ष्यको नजिक पुगेको बताउँदै अझै पनि अनलाइनमार्फत सहयोग आउनेक्रम जारी रहेको उहाँले बताउनुभयो ।

महायज्ञमा शनिबार सबैभन्दा बढी रकम बागलुङ नगरपालिका–४ उपल्लाचौरका ऋषिराम गौतम तथा सरिता गौतमले रु छ लाख नौ हजार सहयोग प्रदान गर्नुभयो । शनिबार आश्रमका चार कोठा निर्माणका लागि एकमुष्ट रु २० लाख सहयोग प्राप्त भएको छ ।

आश्रम एक कोठा निर्माणका लागि रु पाँच लाख ११ हजार संस्थागत रूपमा समेत प्राप्त भएको छ ।

# मालढुङ्गा–बेनी सडक दैनिक सात घण्टा बन्द हुने

**पोखरापत्र संवाददाता**
पर्वत, ३० कार्तिक

म्याग्दी र मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने कालीगण्डकी करिडोरअन्तर्गत मालढुङ्गा–बेनी सडक स्तरोन्नतिका लागि मङ्सिर १ गतेदेखि दैनिक ७ घण्टा बन्द हुने भएको छ ।

कालोपत्रको काम धमाधम भइरहेको सडकखण्डमा सवारीसाधन आवतजावत गर्दा समस्या भएपछि मंसिर १ गतेदेखि २० गतेसम्म बिहान १० बजेदेखि साँझ ४ बजेसम्म सडक बन्द गर्ने निर्णय भएको हो । सवारीसाधन आवतजावत गर्दा कालोपत्र गर्ने कार्य प्रभावित भएपछि बेनी–जोमसोम–कोरलासडकआयोजनाकार्यालय जोमसोको अनुरोधमा एम्बुलेन्स र बिरामी बोकेका सवारी साधन तथा विकास निर्माणका अत्यावश्यक बाहेकका सवारी साधनलाई बैकल्पिक मार्ग प्रयोग गर्न म्याग्दीका प्रमुख जिल्ला अधिकारी बद्रीप्रसाद तिवारीले अनुरोध गरेका छन् । कुश्मा नगरपालिका–१ मालढुंगादेखि जलजला गाउँपालिका ८, ७, ४ र ३ वडा हुँदै म्याग्दीको बेनी जोड्ने १३ किमी दुरीमा दुई लेनको सडक स्तरोन्नति भइरहेको छ । उक्त सडक बन्दको समयमा मालढुंगा, बागलुङबाट रत्नेचौर हुँदै बेनीको सडक प्रयोग गर्न सकिन्छ ।

ठेकेदारको ढिलासुस्ती र आयोजना पक्ष निरिह हुँदा विसं २०७७ साल चैत्र महिनामा रु ५२ करोड ४६ लाखमा ठेक्का सम्झौता गरेको ठेक्का अहिलेसम्म पूरा हुन सकेको छैन। विसं २०४८ 'कामका लागि खाद्यान्न' कार्यक्रमअन्तर्गत सुरु गरेर २०५२ मा मार्ग खुलेको र २०६८ मा कालोपत्र भएको मालढुङ्गा–बेनी सडक पछिल्लो समय जीर्ण अवस्थामा थियो ।

म्याग्दी र मुस्ताङका साथै पर्वतको जलजला गाउँपालिकाका बासिन्दाले प्रयोग गर्ने मालढुङ्गा–बेनी सडक चीन र भारत जोड्ने नेपालको सबैभन्दा छोटो सडक कालीगण्डकी करिडोरअन्तर्गत पर्छ ।

# पोखरा जेसीजको अध्यक्षमा सुमन पहारी विजयी

**पोखरापत्र संवाददाता**
पोखरा, ३० कार्तिक

पोखरा जेसीजको ४६ औं शाखा अधिवेशन तथा ५१ औं वार्षिक साधारणसभा शनिबार सम्पन्न भएको छ ।

उक्त अधिवेशनले वर्ष २०२६ का लागि नयाँ नेतृत्व चयन गरेको छ । जसअन्तर्गत अध्यक्षमा जेसी सुमन पहारी ५० मतका साथ निर्वाचित भएका छन् । उनले अध्यक्ष पदका अर्का उम्मेदवार अनन्त प्रधानाङ्गलाई २६ मतान्तरले पराजित गर्न सफल भएका हुन् । ७८ मतदातासूची रहेको उक्त निर्वाचनमा जम्मा ७४ मत मात्र खसेको थियो ।

मतपेटिकामा खसेको कुल मतमध्ये प्रधानाङ्गलाई जम्मा २४ मत मात्र प्राप्त भएको थियो। त्यस्तै अध्यक्ष पदका अर्का प्रत्यासी श्रीकृष्ण सुनार मतदानमा सहभागी नहुँदै बाहिरिएपछि मुख्य प्रतिस्पर्धा पहारी र प्रधानाङ्गबीचमै सीमित भएको थियो ।

यस्तै नयाँ कार्यकारिणी उपाध्यक्षमा जेसी रविन्द्र गोदार र उपाध्यक्षहरुमा जेसी सरोज पौडेल, सुजल गोदार, सन्दीप श्रीस तथा मुकेश अर्याल चयन भएका छन् ।



महासचिवमा जेसिज सन्जय पौडेल, कोषाध्यक्ष जेसिज राजकुमार बोहोरा, सचिव जेसिज मिना कुमारी थापा र कानुनी सल्लाहकार जेसिज श्रीकृष्ण सुनार निर्वाचित भएका छन् । त्यस्तै निर्देशक पदमा जेसि बिनय सुवेदी, डम्बर खडायत, सन्तोष सुनार, बिबेक सापकोटा लगायत विजयी भएका छन् ।

अधिवेशन सफलतापूर्वक सम्पन्न भएको पोखरा जेसीजका पूर्व अध्यक्ष निर्वाचन आयुक्त गणेश गरीले जानकारी गराए । नयाँ नेतृत्वले २०२६ का लागि संस्थालाई थप सक्रिय, प्रभावकारी र समुदायमुखी बनाउने पहारीले प्रतिबद्धता व्यक्त समेत गरेका छन् ।

# संगम सहकारीको समिक्षा बैठक ल्वाङमा

**पोखरापत्र संवाददाता**
पोखरा, ३० कात्तिक

पोखराको रामबजारमा प्रधान कार्यालय र न्यूरोडमा सेवा केन्द्र रहेको संगम बचत तथा ऋण सहकारी संस्थाले आन्तरिक पर्यटन प्रवर्द्धनमा पनि सघाउने उद्देश्यका साथ यस आर्थिक वर्षको पहिलो त्रैमासिक समिक्षा बैठक माछापुच्छ्रे गाउँपालिका वडा नम्बर आठ स्थित सुन्दर गाउँ ल्वाङमा सम्पन्न गरेको छ ।

पहिलो दिन साँस्कृतिक कार्यक्रम र दोस्रो दिन कार्यालय प्रमुख बृहस्पति अधिकारीले राख्नुभएको संस्थागत प्रस्तुति सहितको समिक्षा बैठक गरि दुई दिने कार्यक्रम उक्त गाउँमा गरिएको हो । दुई दिने कार्यक्रमकै बिचमा हाइकिङ, चिया बगान लगायत ग्रामीण परिवेशको अवलोकन पनि गरिएको थियो भने बैठकमा समिति उपसमितिहरुले आ आफ्ना कार्यप्रगतिहरु प्रस्तुत गरेका थिए । सोही अवसरमा संस्थाका अध्यक्ष नव राज तिवारीले उपसमितिका



राम्रा कार्यहरु र कर्मचारीको मेहनतले संचालक समितिलाई सघाउ पुग्ने भन्दै यस किसिमको समिक्षा बैठकबाट प्राप्त उर्जालाई सबैले सहकारीको कार्यक्षेत्रमा पुऱ्याउनु पर्ने बताए ।

यसैगरी राम्रो सहकारीले राम्रो गाउँमा ल्याइ कार्यक्रम गरेकोमा धन्यवाद दिँदै लेखा संयोजक भोविन्द्र गिरीले राम्रोलाई अझै राम्रो बनाउने तर्फ हामी सबैको ध्यान जान जरुरी भएको बताए । सचिव धनराज पूरीले अनिवार्य मासिक बचत संस्थाको मेरुदण्ड भएको भन्दै हाल संस्थामा भएको मासिक बचत खाताको अवस्था प्रस्तुत गरे ।

त्यस्तै बचत उपसमिति संयोजक तोयानाथ भट्टराईले सदस्यहरुको बिश्वास र मायाले नै बचत संकलनमा वृद्धि हुदै आएकोमा खुसी व्यक्त गर्दै अब सहि ठाउँमा ऋण लगानी तर्फ जोड दिनुपर्ने बताए । यसैगरी शिक्षा उपसमिति संयोजक तिलक थापाले अब छिट्टै कम्पोस्ट मल बनाउने तालिमको आयोजना गर्न लागिएको जानकारी दिए ।

# चक्रपथ निर्माण अन्तिम चरणमा

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ३० कात्तिक

घरपझोङ गाउँपालिकास्थित थाक–पाँचगाउँ जोड्ने १० दशमलव पाँच किमीको चक्रपथ सडक निर्माण अन्तिम चरण पुगेको छ । विसं २०७६ असारमा बन्दना भगवती निर्माण सेवासँग ठेक्का सम्झौता भएको उक्त सडक ६ वर्षको अन्तरालमा निर्माणको काम अन्तिम चरणमा पुगेको हो ।

गण्डकी प्रदेश भौतिक पूर्वाधार मन्त्रालयको 'एक निर्वाचन, एक सडक' योजनाअन्तर्गत मुस्ताङ सदरमुकामदेखि ठिनी, ढुम्बा, छैरो, चिमाङ, मार्फा, स्याङ हुँदै जोमसोम जोड्ने गरी पूर्वाधार विकास कार्यालयले कार्यान्वयनमा ल्याएको थियो । घरपझोङस्थित कालीगण्डकी नदी पारि पूर्वमा रहेका ग्रामीण बस्तीमा सडकको पहुँच स्थापित गर्नेगरी जोमसोम–ढुम्बा पाँच किलोमिटर सडक कालोपत्र र ढुम्बादेखि छैरो–चिमाङ हुँदै मार्फा मुख्य राजमार्ग जोडिने गरी पाँच दशमलव पाँच किमी ग्राभेल सडकको काम अघि बढाइएको पूर्वाधार विकास कार्यालयका सूचना अधिकारी इन्जिनियर घनश्याम रोकामगरले जानकारी दिनुभयो । निर्माण कम्पनी



बन्दना भगवती निर्माण सेवाको चरम ढिलासुस्ती र बेवास्ताका कारण यहाँको थाक पाँचगाउँ जोड्ने घरपझोङ चक्रपथ सडक सम्पन्नमा विलम्ब भइरहेको थियो । सुरुआती ठेक्का सम्झौताअनुसार २०७७ माघमा सकिनुपर्ने भए पनि निर्माण कम्पनीले कोरना माहामारी, प्रतिकूल मौसम र हिमपातलगायत कारण देखाउँदै सातौँ पटकसम्म म्याद थप गरेको थियो। यहाँको घरपझोङ–४, ५, १ र २ जोड्ने चक्रपथको लागत रु २४ करोड ४५ लाख ७४ हजार रहेको सूचना अधिकारी रोकामगरले जानकारी दिनुभयो । घरपझोङस्थित थाक पाँच गाउँ जोड्ने सडक अन्तिम चरणमा पुगेको र चालु आवभित्रमा सडक कार्यालयलाई हस्तान्तरण गरिने उहाँले बताउनुभयो । सडकको पछिल्लो भौतिक प्रगति ९३ प्रतिशत र वित्तीय प्रगति ८८ प्रतिशत रहेको छ। चक्रपथको ६ किलोमिटर नाली निर्माणसहित ढुम्बातालसम्मको पाँच किलोमिटर सडक कालोपत्र भइसकेको छ। त्यसैगरी ढुम्बातालदेखि छैरो–चिमाङसम्मको दुरीमा चट्टान काटेर नयाँ सडक ट्र्याक खोलेर नालीसहित पाँच मिटर चौडा ग्राभेल सडक विस्तार भइसकेको सूचना अधिकारी रोकामगरको भनाइ छ । चक्रपथमा ट्राफिक सङ्केतका पोल गाड्ने, नाली सफा गर्ने र सडकको जोखिमयुक्त स्थानमा सवारी दुर्घटना रोक्न बार लगाउने काम भइरहेको छ । त्यसैगरी चक्रपथ सडकले ठिनी, ढुम्बा, छैरो र चिमाङलगायतका गाउँ सडक सञ्जालले जोडिएकाले त्यहाँका किसानले उत्पादन गरेका स्याउलगायत अन्नबाली, फलफूल र तरकारी यातायातका साधनमार्फत ढुवानी गर्न सजिलो भएको छ ।

# कोलेनिकाको सेवा नयाँ भवनबाट

**पोखरापत्र संवाददाता**
मनाङ, ३० कात्तिक

मनाङ सदरमुकाम चामेस्थित कोष तथा लेखा नियन्त्रक कार्यालय (कोलेनिका)ले अब आफ्नै प्रशासकीय भवनबाट सेवा प्रवाह थालेको छ । स्थापनाकालदेखि हालसम्म भाडाको भवनमार्फत सेवा प्रवाह गर्दै आएको सो कार्यालयले आधुनिक तथा सुविधासम्पन्न भवन निर्माण गरेको हो ।

नेपाल सरकारका सचिव तथा महालेखा नियन्त्रक शोभाकान्त पौडेलले नयाँ भवनबाट सेवा प्रवाहको प्रारम्भ गर्नुभयो । उहाँले नयाँ भवनले सेवा प्रवाहलाई अझ छरितो, सहज र पारदर्शी बनाउने विश्वास व्यक्त गर्दै वित्तीय सुशासन कायम राख्नका निम्ति सम्पूर्णमा आह्वान गर्नुभयो । उहाँले मनाङको समग्र आर्थिक व्यवस्थापन सुदृढीकरण र विकासका क्षेत्रमा नेपाल सरकार निरन्तर साथमा रहने प्रतिबद्धतासमेत व्यक्त गर्नुभयो । महालेखा नियन्त्रक पौडेलले भवन निर्माण समयमै सम्पन्न गरेकामा कोलेनिका र निर्माण कम्पनी दुवैलाई धन्यवाद व्यक्त गर्नुभयो ।

प्रमुख जिल्ला अधिकारी नवराज पौड्यालले नयाँ भवनबाट सेवा प्रवाहले कार्यालयका कर्मचारीमा नयाँ उत्साह, आत्मविश्वास र जिम्मेवारीको भावना थप्ने बताउनुभयो । उहाँले कोलेनिका मनाङलाई उच्च मनोबलका साथ पारदर्शी र प्रभावकारी सेवामा समर्पित रहेर जिल्ला प्रशासन कार्यालयले आगामी दिनमा सबै सरकारी कार्यालय आफ्नै भवनबाट प्रवाह गर्न सहयोग तथा समन्वय जारी राख्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले वर्तमान परिवेशमा कर्मचारीमा नवीन सोच, सृजनशीलता, व्यावसायिकता र प्रतिस्पर्धी क्षमताको आवश्यकता रहेको उल्लेख गर्दै जनसेवामा पूर्ण समर्पित रहन निर्देशन दिनुभयो ।

कोष नियन्त्रक सुवास अधिकारीले नयाँ प्रशासकीय भवनबाट सेवा प्रवाह गर्दा वित्तीय सुशासन कायम गरी छिटो, छरितो र प्रभावकारी सेवा प्रवाहमा सहज भएको बताउनुभयो । उहाँले तालुक निकायको निर्देशन र सेवाग्राहीका अपेक्षा पूरा गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

चामे गाउँपालिकाका अध्यक्ष लोकेन्द्रबहादुर घलेर सहमहालेखा नियन्त्रक दीपक लामिछानेले नयाँ भवनको प्रयोगले सेवाको गुणस्तर र पहुँचमा थप सुधार आउने बताउनुभयो ।

# कुखुरापालनबाट मासिक एक लाख आम्दानी

पोखरापत्र संवाददाता
दमौली, ३० कात्तिक

व्यास नगरपालिका-१ रतौलीका अर्जुनबहादुर बस्नेतले कुखुरापालन गरेर मासिक रु एक लाख आम्दानी गर्दै आउनुभएको छ ।

सत्र वर्षसम्म दुबईमा रोजगारी गर्नुभएका बस्नेत स्वदेश फर्किएर व्यावसायिक रूपमा कुखुरापालनमा लाग्नुभएको हो । विदेशमा रहँदा कोरोनाको समयमा बुबाको निधन भएको नौ महिनापछि घर फर्किनुभएका बस्नेत त्यसपछि विदेश नगई स्वदेशमै केही गरौँ भन्दै पाँच वर्षदेखि कुखुरापालन गर्दै आउनुभएको हो ।



विदेशमा गरेको आम्दानीभन्दा स्वदेशमा बसेर दोब्बर कमाई गर्न सकिन्छ भन्ने उदाहरण प्रस्तुत गर्न बस्नेत सफल हुनुभएको छ । उहाँले सञ्चालन गर्दै आएको 'बस्नेत ब्रोइलर पोल्ट्री एण्ड एग फार्म'मा हाल दुई हजार कुखुरा छन् । सुरुआतमा रु ३० लाख लगानीमा छ रोपनी क्षेत्रफलमा दुई आधुनिक ट्रष्ट निर्माण गरी व्यावसायिक रूपमा कुखुरापालन व्यवसाय सुरु गर्नुभएका बस्नेतले मनग्य आम्दानी गर्दै आउनुभएको छ । दैनिक एक हजार आठ सय अण्डा उत्पादन हुने यो फार्मबाट महिनामा रु पाँच लाख बढीको कारोबार हुने गरेको छ ।

दाना, औषधि तथा श्रम खर्च कटाएर रु एक लाखभन्दा बढी आम्दानी हुने गरेको बस्नेतले बताउनुभयो । उहाँले भन्नुभयो, “दुबईमा महिनामा रु ६० हजार आउँथ्यो, अहिले गाउँमै परिवारका साथमा बसेर विदेशको भन्दा दोब्बर फाइदा भइरहेको छ ।” कुखुरा व्यवसायबाट उत्पादन हुने ठूला दाना (क्रेड) स्थानीय बजारमा प्रतिथान रु पाँच सयमा बिक्री हुँदै आएको छ । जोखिमयुक्त मानिने कुखुरापालनमा किसानलाई टिकाइराख्न सरकारले दाना उत्पादनमा अनुदान दिनुपर्ने बस्नेत बताउनुहुन्छ ।

“पूर्वाधारमा मात्र अनुदान दिएर हुँदैन । दाना खरिद गर्न सहयोग भयो भने किसान यो व्यवसायमा टिकाउँछन्, राज्यको लगानी पनि सुरक्षित हुन्छ”, उहाँको तर्क छ । बस्नेतका अनुसार कुखुरापालन सुरु गरेपछि वर्षौंदेखि बाँझो रहेको जमिनको सदुपयोगमात्र नभई खेतीपातीमै पनि उल्लेख्य सुधार आएको छ ।

श्रीमती मधुमायाको निरन्तर साथमा फार्म चलाउनुभएका बस्नेत भन्नुहुन्छ, “कुखुराको मल प्रयोग गरेदेखि तोरी राम्रो फलेको छ, तेल किन्नुपरेको छैन, तरकारी पनि बजारबाट ल्याउनुपरेको छैन ।” व्यास नगरपालिकाले इनार निर्माणका लागि रु २५ हजार र कुखुरा खरिदका लागि रु ५० हजार सहयोग गरेको व्यास-१ का वडासदस्य मणिजङ्ग बस्नेतले बताउनुभयो । चितवनबाट चल्ला ल्याएर सुरु गरिएको यो व्यवसाय अहिले गाउँमै रोजगारी, आम्दानी र आत्मनिर्भरता अभिवृद्धिको उदाहरण बनेको छ ।

दुबईबाट फर्किएर 'सामान्य किसान'का रूपमा थालेको यात्रा आज बस्नेतलाई सफल व्यावसायिक किसानका रूपमा उभ्याइरहेको स्थानीय सूर्य कार्की क्षत्रीले बताउनुभयो ।

# स्याङ्जामा ७ वर्षमा १५ सडक पुल बन्यो

पोखरापत्र संवाददाता
स्याङ्जा, ३० कात्तिक



पछिल्लो समय संघ, प्रदेश र स्थानीय सरकारले पूर्वाधार विकासमा मोटो रकम खर्च (लगानी) गर्दै आएका छन् ।

पूर्वाधारतर्फ सुरुङ्मार्ग, राजमार्ग विस्तार, नयाँ सडक निर्माण, पक्की पुल, प्रशासनिक संरचना र अस्पताल लगाएतका क्षेत्रमा सरकारले मोटो रकम खर्च गरेको छ । ठूला पूर्वाधार विकासमा तीनै तहका सरकार तछाड र मछाड शैलीमा मोटो रकम खर्च गर्ने प्रतिस्पर्धामा छन् ।

पूर्वाधारमा मोटो रकम खर्च गरेपनि स्याङ्जाभित्र ८२ किलोमिटरको दुरी पर्ने कुल १८१ किलोमिटर लम्बाईको पोखरा-बुटवल जोड्ने सिद्धार्थ राजमार्गको स्तरवृद्धि हुन गरेको छैन् । तराई पहाड जोड्ने देशकै छोटो र सहज सिद्धार्थ राजमार्गको स्तरउन्नती देख्न र भोग्न आतुर स्याङ्जा र आसपास जिल्लाका स्थानीय व्यग्र प्रतिक्षामा छन् । प्रमुख राजमार्गको स्तरवृद्धि नभएपनि जिल्लाभित्र साना र ठूला गरी दर्जनौं पूर्वाधार निर्माणको गतिविधिले भने तिव्रता पाएका छन् । गण्डकी प्रदेश सरकार बनेपछि स्याङ्जामा पछिल्लो ७ वर्षमा १५ वटा पक्की (सडक) पुल बनेको पूर्वाधार निर्माणको गतिलो उदाहरण हो । आर्थिक वर्ष २०७५/७६ देखि पछिल्लो ७ वर्ष अर्थात आर्थिक वर्ष २०८१/८२ सम्मको अवधिमा २६ करोड ४३ लाख ४४ हजार ४०२ रुपैयाँको लागतमा १५ पक्की पुल बनेको गण्डकी सरकारले सार्वजनिक गरेको तथ्याङ्कमा देखिन्छ । पूर्वाधार विकास कार्यालय स्याङ्जाले आर्थिक वर्ष २०७५/०७६ मा ५ करोड दुई लाख १७ हजार ५०१ रुपैयाँको लागतमा दुई पक्की पुल निर्माण गरेको छ । छोरेपाटन-कृस्ति हुँदै सुकौदी-बाडखोला जोड्ने सडक खण्डको सुकौदीमा एक करोड ६९ लाख ५३ हजार ५८५ र पुतलीबजार नगरपालिका र अर्जुनचौपारी गाउँपालिका जोड्ने सडक खण्डअर्न्तगत ठाडोखेतको दरौखोलामा तीन करोड ३२ लाख ६३ हजार ९१६ रुपैयाँको लागतमा पुल निर्माण गरेको कार्यालयले जनाएको छ ।

७ वर्षमा १५ पुल बनेको भएपनि आर्थिक वर्ष २०७६/०७७ मा संख्याका आधारमा तुलनात्मक रुपमा धेरै पुल निर्माण भएका छन् ।

सो आर्थिक वर्षमा कुल १० करोड ४३ लाख ८६ हजार ३५२ रुपैयाँको लागतमा विभिन्न सडकअर्न्तगत ७ वटा पक्की पुल निर्माण भएको पूर्वाधार कार्यालय स्याङ्जाका प्रमुख इन्जिनियर दयाराम अधिकारीले जानकारी दिए । उनका अनुसार उक्त वर्ष वालिङ नगरपालिकाको त्रियासी-मनकामना सडकमा पर्ने रत्ने-दोभानखोलामा ८८ लाख १३ हजार ८१३ रुपैयाँको लागतमा पुल बन्यो भने पुतलीबजार नगरपालिका र हरिनाश गाउँपालिका जोड्ने घुम्ती-चिसापानी सडकको भुवनेखोलामा बनेको पुल ९८ लाख ३६ हजार २१४ रुपैयाँमने लगतमा तयार भएको हो ।

भीरकोटको बग्रेबजार-पकान हुँदै वालिङ जोड्ने सडकको लुम्दीखोलामा कुल दुई करोड १५ लाख ६२ हजार ३३४ रुपैयाँ लागतमा पुल बनेको प्रमुख अधिकारीले जनाए । त्यसैगरी सिद्धार्थ राजमार्गको नागडाँडा हुँदै कार्कितेटा जोडिने सडकको बाँसकोट खोलामा एक करोड १३ लाख २५ हजार २५३ रुपैयाँको लागतमा पुल बन्यो भने वालिङकै राक्से-केसेरी हुँदै फूलबारी सडकको अर्माडीखोलामा एक करोड २२ लाख ७७ हजार ९७६ रुपैयाँमा पुल बनेको छ । बिरुवा-बाहुँ-ओरेष्ट सडक खण्डमा पर्ने अम्लेटस्थित मयाङ्गखोलामा एक करोड ७५ लाख २६ हजार ७६२ रुपैयाँको लागतमा पुल बन्दा फेदीखोला हुँदै पञ्चासे पुग्ने सडकको फेदीखोलास्थित पुललाई दुई करोड ३० लाख ४४ हजार खर्च भएको पूर्वाधार कार्यालयले जनाएको छ ।

आर्थिक वर्ष २०७७/०७८ मा सेतीदोभान हुँदै फापरथुम-चण्डीकालिका जोड्ने सडकको पातीखोलामा दुई करोड ६ लाख ८५ हजार १४९ रुपैयाँमा पुल बनेको छ । गल्याङ-निबुवाखर्क हुँदै सेतिबेनी पुग्ने सडकको मान्केखोलामा एक करोड ३७ लाख एक हजार ५९३ रुपैयाँ र गल्याङ-चापाकोट सडक खण्डको जौदीखोलामा दुई करोड ३९ लाख १७ हजार ८७ रुपैयाँको लागतमा पुल निर्माण भएको पूर्वाधारका इन्जिनियर शिवजी ढुङ्गानाले जानकारी दिए । हेलु-अर्जुनचौपारी हुँदै सिरुबारी जाने सडकमा आर्थिक वर्ष २०७८/७९ मा केवैंरखोलामा एक करोड ९४ लाख ४१ हजार ५० रुपैयाँमा पक्की पुल बनाएको छ ।

पुल बनेसँगै नेपालकै पहिलो ग्रामिण पर्यटकीय क्षेत्र सिरुबारीको होमस्टे जानआउन सहज भएको छ । सिरुबारीको होमस्टे पुग्न बुटवल तर्फबाट आउने पर्यटकका लागि हेलु-अर्जुनचौपारी सडक छोटो सहज हुने स्थानीयले बताए । आर्थिक वर्ष २०७९/८० मा हुँगिघाट-बेलचौर सडकको गौरीघाट खोलामा एक करोड ३३ लाख तीन हजार ६४६ रुपैयाँको लागतमा पक्की पुल बनेको पूर्वाधारका सडक इन्जिनियर पोषराज पौडेलले बताए । उनका अनुसार पछिल्लो तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८१/८२ को अन्यमा बाडखोला, पौवैगौडे-टक्सार सडक खण्डको पौवैखोलामा एक करोड ८६ लाख ९२ हजारको लागतमा पुल निर्माण भएको छ । पछिल्लो ७ वर्षमध्ये आर्थिक वर्ष २०८०/८१ मा जिल्लामा पुल बनेको तथ्याङ्कमा देखिदैन् ।

कार्यालयका अनुसार उक्त वर्ष पुल बनाउने ठेक्का लागेपनि निर्माण सम्पन्न हुन सकेन् । उक्त वर्ष भण्डै १८ करोडको लागतमा चार वटा पक्की पुल ठेक्का लगाएपनि सम्पन्न हुन नसकेको कार्यालयले जनाएको छ । विगत तीन वर्षदेखि निर्माण थालिएका पक्की पुलहरु चालु आर्थिक वर्षमा सम्पन्न हुने कार्यालयले जनाएको छ ।

# ‘कोदो गरिबको खाना’ भनेर हेर्ने दिन गए : बिस्कुटको माग उच्च, पाउरोटी बनाउने तयारी

पोखरापत्र संवाददाता
म्याग्दी, ३० कात्तिक

यहाँ उत्पादन हुने कोदोको परिकारको विविधिकरण र बजारीकरण हुन थालेको छ । कोदो पछिल्लो समय सहरबजार र विदेशमा बस्नेहरूका रोजाइमा परेको छ । कोदोको परिकार ढिडो, रोटी र खोलेमा मात्र सीमित नभएर अब बिस्कुट पनि बन्न थालेको छ । माग, उपभोग र खपत बढ्न थालेपछि कोदोखेती गर्ने किसान उत्साहित भएका छन् ।



अन्नपूर्ण गाउँपालिका-६ पोखरेबगरको अन्नपूर्ण बेकरी हाउसका सञ्चालक कृष्ण खड्काले उपभोक्ताबाट माग आउन थालेपछि कोदोको बिस्कुट उत्पादन गर्न थाल्नुभएको छ ।

“पहिलेपहिले कोदोखेती गर्ने र यसका परिकार उपभोग गर्नेलाई गरिब भनेर हेर्ने चलन थियो”, उहाँले भन्नुभयो, “स्वस्थकर र पोषिलो कोदोको महत्व बुझेपछि माग आउन थालेपछि मैले पनि बिस्कुट बनाएर बेच्न थालेको हुँ ।” यसअघि धवलागिरि गाउँपालिका-७ ताकममा धवलागिरि बेकरी, क्याफे एण्ड एग्रो मार्टका सञ्चालक अनिल भण्डारीले कोदाको पीठो प्रशोधन गरी बिस्कुट उत्पादन गरेर बिक्री गर्दै आउनुभएको छ । रघुगङ्गा र मङ्गला गाउँपालिकाको सिमानामा रहेको टोड्के हिल रिसोर्टले पनि पाहुनालाई चखाउन र बजारमा बिक्री गर्न कोदोको बिस्कुट उत्पादन गर्ने उद्योग स्थापना गरेको छ । उद्यमी खड्काले गाउँबाट काम विशेषले बजारमा बसाइँसराइ गरेका, विदेशमा रहेका र भ्रमणमा आउने पाहुनाले कोदोको पीठो र बिस्कुट किनेर लैजाने गरेको बताउनुभयो । कोदोको बिस्कुटको माग ग्रामीण क्षेत्रको तुलनामा बजारबाट बढी आउने गरेको व्यवसायी खड्काले बताउनुभयो । भुटेको कोदोको पीठोमा चिनी, मह, उखुको खुदो मिसाएर बिस्कुट बनाउने गरिएको छ । प्रतिदर्जन (१२ वटा) कोदोको बिस्कुट रु ६० का दरले बिक्री हुने गरेको छ ।

पर्यटकीय जिल्ला मुस्ताङ र अन्नपूर्ण गाउँपालिकाका पर्यटकीयस्थलको भ्रमणमा आउने पर्यटकलाई लक्षित गरेर गाउँपालिकाको केन्द्र पोखरेबगरमा स्थानीय उत्पादनको कोसेलीघर सञ्चालन र कोदोको बिस्कुटका साथै पाउरोटी बनाउने तयारी गरेको उद्यमी खड्काले बताउनुभयो ।

कोसेलीघर स्थापना र कोदोको बिस्कुट बनाउन आवश्यक पर्ने 'ओभन' गर्न कृषि ज्ञान केन्द्रले गत आर्थिक वर्षमा रु दुई लाख अनुदान सहयोग गरेको थियो । केन्द्रका प्रमुख सञ्जीव बाँस्तोलाले परम्परागत बाली संरक्षण र प्रवर्द्धन कार्यक्रममार्फत कोदोलगायत खाद्य, दलहन बालीको खेती विस्तार, प्रशोधन, प्याकेजिङ र बजारीकरणमा सहयोग गर्ने कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिएको बताउनुभयो ।

चालु आर्थिक वर्षमा उक्त कार्यक्रमका लागि म्याग्दीमा प्रदेश सरकारबाट रु १५ लाख बजेट विनियोजन भएको छ । कार्यक्रममार्फत उद्यमी तथा किसानले परियोजनाको कुल लागतको ५० प्रतिशत अनुदान पाउनेछन् । केन्द्रका अनुसार म्याग्दीको दुई हजार ७५० हेक्टर क्षेत्रमा वार्षिक तीन हजार ३०० मेट्रिक टन कोदो उत्पादन हुन्छ । समुद्री सतहदेखि तीन हजार १०० मिटर उचाइको भूगोलसम्म कोदोखेती गर्न सकिन्छ । क्याल्सियम, फस्फोरस र आइरन प्रशस्त मात्रामा पाइने कोदोलाई बालबालिकादेखि ज्येष्ठ नागरिकका लागि उत्तम खानाका रूपमा लिइन्छ । गर्भवतीहरूका लागि पनि कोदो पोषिलो खाना हो ।

मधुमेह, उच्च रक्तचाप, युरिक एसिड, दम, रुघाखोकी, शरीर दुख्ने र भाडापखलाका रोगीका लागि कोदो अति राम्रो मानिने केन्द्रका प्रमुख बाँस्तोलाले बताउनुभयो । कोदोको उपभोगले रगतमा बोसो र कोलस्टेरोलको मात्रा घटाउँछ । नेपालमा नसर्ने रोगबाट ग्रसित हुनेको सङ्ख्या दिनानुदिन बढ्दै गइरहेको अवस्थामा कोदोको परिकार उपभोगका लागि माग बढेको ताकमका उद्यमी अनिल भण्डारीले बताउनुभयो । खेती घटेर संरक्षण गर्नुपर्ने अवस्थामा पुगेको कोदोको परिकारलाई विविधकरण र बजारीकरण गर्दा किसानलाई फाइदा पुग्ने र आयात घटाउन सहयोग पुग्ने उहाँको भनाइ छ ।


## बालमन्दिर माध्यमिक विद्यालय
**अन्नपूर्ण काँडे, कास्की । मो. ९८५६०११७९९**

## खाद्यान्न सामग्री सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/०७/०१

यस विद्यालयको छात्राबासमा रहेका विद्यार्थीहरुलाई खाजा, खाना खुवाउन आवश्यक खाद्यान्न सामग्री आपूर्ति गर्नुपर्ने भएकाले सम्बन्धित इच्छुक आपूर्तिकर्ताहरुबाट यो सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

संलग्न गर्नुपर्ने कागजातहरु:

१. व्यवसाय दर्ता तथा नवीकरण भएको कागजात

२. कर चुक्ता प्रमाणपत्र (आ.व. २०८०/०८१)

शिलबन्दी दरभाउपत्र लाहाछाप लगाई कम्पनी वा फर्मको छाप र दस्तखत अनिवार्य भएको हुनुपर्ने ।

नोटः खाद्यान्नको सूची र प्रकार विद्यालयबाट उपलब्ध हुनेछ । खाद्यान्नको दरभाउ उल्लेख गर्दा कुन ब्राण्ड वा गुणस्तरको हो सो समेत कैफियतमा खुलाउनुपर्नेछ ।

सम्पर्क: ९८५६०११७९९


# मच्छिमको तामाखानी उत्खननका लागि अध्ययन सुरु

पोखरापत्र संवाददाता
म्याग्दी, ३० कात्तिक

धवलागिरि गाउँपालिका-७ मच्छिममा रहेको तामाखानी उत्खननका लागि अध्ययन थालिएको छ ।

खानी तथा भूगर्भ विभागबाट अनुमति पाएको कम्पनी 'एमएस दोड्यी मिनरल्स' प्रालिले तामाखानीको खोजतलास तथा उत्खननका लागि अध्ययन थालेको हो । मच्छिम गाउँदेखि नजिकै रहेको पाखोमा छ ठाउँमा रहेका तामाखानी पाँच दशकदेखि बन्द अवस्थामा छन् । धवलागिरि-७ का वडाध्यक्ष अशोक खत्रीले भूगर्भविद्हरुको टोली खानीमा तामाको मात्रा पहिचानका लागि अध्ययनका लागि आएको बताउनुभयो । “गतहप्ता आएको टोलीले पहिलो चरणमा तामाखानी भएको ठाउँको निरीक्षण गरेको थियो”, उहाँले भन्नुभयो, “टोलीले खानी भएको ठाउँसम्म जाने पहुँचमार्ग निर्माणका लागि पनि छलफल गरेको छ ।” खानीको खोजतलास र सम्भाव्यता अध्ययन गरेपछि अर्को चरणमा उत्खननको प्रक्रिया अघि बढाइने वडाध्यक्ष खत्रीले बताउनुभयो । स्थानीयले खानी उत्खननका लागि अध्ययन थालिएकामा खुसी व्यक्त गरेका छन् । वातावरणीय र विपद् जन्य घटना हुन नदिन सतर्कता अपनाउन तथा रोजगारीमा प्रभावितलाई प्राथमिकता दिनुपर्ने मच्छिमका बासिन्दा कुलबहादुर छन्त्यालले बताउनुभयो । उहाँका अनुसार मच्छिमको खानीबाट विसं २०२८ सम्म स्थानीय प्रविधिको प्रयोग गरेर तामा निकाल्ने गरिन्थ्यो । प्रविधिको अभाव र आम्दानीभन्दा बढी राज्यलाई कर तिर्नुपर्ने अवस्था आएपछि त्यसबेला तामाखानी बन्द भएको छन्त्यालले बताउनुभयो । तामाखानी उत्खननका लागि आएका छन्त्याल समुदायले मच्छिममा बस्ती बसाएको इतिहास छ । छन्त्याल समुदायको पुर्ख्यौली पेसा खानी खन्ने हो । त्यहाँ अझैसम्म पनि तामाका धाउ देख्न सकिन्छ । तामाखानीका सुरुङ छन् । स्थानीयहरुले त्यही सुरुङबाट भित्र छिरेर घन, छिनोको प्रयोग गरेर तामा निकाल्ने गरेका थिए । उक्त कम्पनीले मालिका गाउँपालिकाको ओखरबोट तामाखानीमा पनि सम्भाव्यता अध्ययन गरिरहेको छ ।

खानी तथा भूगर्भ विभागका अनुसार म्याग्दीमा तामा, फलाम, क्वार्ज, कप्रक, चुनढुङ्गा, खरिढुङ्गा, स्लेटढुङ्गा, मार्बल र तातोपानीका मुहान (हटस्प्रिङ) पाइन्छन् । जिल्लामा बढी पाइने खनिज पदार्थमा तामा प्रमुख हो ।